"मायादेवीको पहिचानः सन्तुलित विकास, गुणस्तरीय सेवा र सुशासन"

स्थानीय सरकार

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल।

पत्र संख्या:- ०८३/८४

सूचना नम्बर:- १५

## सतर्कताका लागि अनुरोध

नेपाल मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ५ गते, सोमबार दिउँसो जारी गरिएको विशेष मौसमी बुलेटिनअनुसार आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म यस मायादेवी गाउँपालिका भित्र मेघगर्जन चट्याङ हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा अति भारी वर्षा हुने सम्भावना रहेको छ। उक्त अवधिमा देशका अधिकांश स्थानमा मेघगर्जन चट्याङसहित मध्यम वर्षाको सम्भावना रहेको छ।

**धेरै भारी वर्षाका कारण बाढी तथा डुबानको जोखिम हुन सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन तथा पूर्वतयारीका लागि निम्न कार्यहरू गर्ने/गराउन सम्बन्धित सबैमा अनुरोध छः**

- रातिको समयमा अत्यधिक वर्षा भइरहेको छ भने जोखिमयुक्त सडकमा सकेसम्म यात्रा नगर्ने। यात्रा गर्नैपर्ने अवस्थामा सडकको अवस्था र स्थानीय प्रशासन तथा यातायात सम्बन्धी सूचना बुझेर मात्र यात्रा गर्ने।
- सडक भासिने वा पानीको बहाव बढेको अवस्था देखिएमा जोखिम मोलेर नदी पार नगर्ने। सुरक्षित स्थानमा रोकिने र सम्बन्धित निकायलाई जानकारी गराउने।
- आकस्मिक बाढी आउन सक्ने खोला, खहरे तथा नदी किनारका बस्ती लगायतका क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूले विशेष रूपमा चनाखो भई सुरक्षित स्थानमा सर्ने।
- नदी तथा खोलाको किनारमा पानीको सतह तीव्र रूपमा बढ्दै गएको, पानी धमिलो भएको, ढुङ्गा वा रुख बगाउँदै आएको देखिएमा वा असामान्य आवाज आएको सुनिएमा तुरुन्तै अग्लो र सुरक्षित स्थानतर्फ जाने।
- जोखिम क्षेत्रमा रहेका गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य सहयोग आवश्यक पर्ने व्यक्तिको पहिचान गरी विपद्को अवस्थामा उनीहरूको सुरक्षित स्थानान्तरण र सहयोगका लागि योजना बनाउने।
- पशुचौपाया, खाद्यान्न, औषधी, महत्वपूर्ण कागजात तथा अन्य आवश्यक सामग्री सुरक्षित स्थानमा राख्ने।
- हाल धानबाली भित्र्याउने किसान दाजुभाई तथा दिदि बहिनीहरूलाई मौसमको सूचना अनुसार खेति भित्र्याउन समेत अनुरोध छ।
- नेपाल मौसम विज्ञान विभाग तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी हुने अद्यावधिक मौसम पूर्वानुमान, पूर्वसूचना तथा चेतावनी सम्बन्धी जानकारी नियमित रूपमा लिइरहनुहुन अनुरोध छ।

| सम्पर्क निकाय | सम्पर्क नम्बर |
|---|---|
| **नेपाल प्रहरीको हटलाइन** | १०० |
| **सशस्त्र प्रहरी बल नेपालको हटलाइन** | ११४ |
| **मायादेवी गा.पा., गाउँकार्यपालिकाको कार्यालय** | ९८५७०१७५६७, ९८५७०१६९३९ |
| **मायादेवी गा.पा. विपद् फोकल पर्सन** | ९८५७०४९७१३ |

०८३/०६/०८

सुरेश भुसाल

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं. ०७१-५९२२२२ ९८५७०१६९३९

ईमेल:-info@mayadevimunrupandehi.gov.np, mayadeviruralmun@gmail.com

वेभ साइट:-mayadevimunrupandehi.gov.np

facebook

WEBSITE